# स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धी मापदण्ड-२०८०

गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०।०२।२०

पौवादुङमा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

च्याङ्ग्रे, भोजपुर

कोशी प्रदेश, नेपाल

संवत् २०८० सालको मापदण्ड नं. १

प्रमाणित
२०८०।०३।०१

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

पौवादुङमा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

## स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्बन्धी मापदण्ड-२०८०

**प्रस्तावना:-** संघीय लोक सेवा आयोगबाट स्थानीय सेवाका लागि सिफारिस भएका र अन्य सेवाबाट स्थानीय तहमाकर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको एक पटकका लागि एक तहबृद्धि सम्बन्धमा "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले पौवादुङमा गाउँ कार्यपालिकाको बैठकले अध्यादेशको दफा १५४ बमोजिम यो मापदण्ड बनाई जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:-** (१) यस मापदण्डको नाम "स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्बन्धी मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश, २०८०" लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले पौवादुङमा गाउँपालिकालाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पौवादुङमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ ।

(ङ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ ।

(च) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन,२०७५ लाई सम्झनु पर्दछ ।

(छ) "मापदण्ड" भन्नाले स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्बन्धी मापदण्ड-२०८० लाई सम्झनु पर्दछ ।

(ज) "स्थायी पद" भन्नाले निवृतभरण वा योगदानमा आधारित निवृतभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।

(झ) "तहवृद्धि" भन्नाले अध्यादेशको दफा ४(५), दफा ८ (१४) र दफा ८(१६) बमोजिमका कर्मचारीहरुको तहवृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले मापदण्डको दफा ४ बमोजिमको तहवृद्धिका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

(ट) "अख्तियारवाला" भन्नाले स्थानीय सेवामा नियुक्ति; पदस्थापन र अवकासको निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्दछ ।

(ठ) "स्थानीय तह" भन्नाले पौवादुङमा गाउँपालिका सम्झनु पर्दछ ।

पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

(ड) "कर्मचारी" भन्नाले पौवादुङमा गाउँपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम पौवादुङमा गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भै पौवादुङमा गाउँपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँछ ।

(ढ) "गाउँकार्यपालिका" भन्नाले पौवादुङमा गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

**३. सूचना प्रकाशन गर्नेः-** (१) यो मापदण्ड बमोजिम पौवादुङमा गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धिका लागि कार्यालयले प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनामा सम्भाव्य उम्मेदवारहरुका लागि ३० दिनको म्याद दिई दरखास्त आह्वानको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा अनुसूची-१ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र गाउँपालिकाको वेव साइटमा प्रकाशन गरिनेछ ।

**४. सिफारिस समितिः-** (१) अध्यादेशको दफा ४(५), दफा ८(१४), दफा ८(१६) र दफा २८ बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न अध्यादेशको दफा २८ को उपदफा (३) अनुरुपको सिफारिस समिति रहनेछ ।

(२) सिफारिस समितिको काम प्रशासन शाखाले गर्नेछ ।

(३) उपदफा १ बमोजिमको समितिले बैठक कार्यविधि आफै तयः गर्न सक्नेछ ।

(४) समितिको बैठकमा अन्य प्रमुख, शाखा प्रमुखलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सूचना अवधि भित्र परेका आवेदन तथा कागजातहरुको छानविन गर्ने

(ख) यस मापदण्ड भित्र पर्ने आवेदक कर्मचारीहरुको स्तरवृद्धिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने ।

**५. यस मापदण्ड अनुरुप तहबृद्धि भएका कर्मचारीलाई** अनुसूचि २ बमोजिमको ढाँचामा तह बृद्धिको पत्र दिइनेछ ।

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः-** स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धि गर्दा अध्यादेशको दफा २८ र दफा २९ बमोजिम न्यूनतम योग्यता र सेवा अवधि पुगेको कर्मचारीको तह बृद्धि गरिनेछ ।

**७. तह वृद्धिका आधारः-** (१) तह वृद्धिका आधारहरु देहाय बमोजिम हुनेछ ।

(क) अध्यादेशको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१४) अनुसार मापदण्ड पुगेका स्थानीय सेवाका कर्मचारीहरुको एक पटकको लागि एक तह वृद्धि गरिनेछ ।

**८. तह वृद्धि सम्बन्धी विशेष अवस्थाः-** (१) देहायको अवस्थामा कर्मचारीको एक तहवृद्धि गरिनेछ ।

(क) अध्यादेशको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

...तिन भट्टराई ...कीय अधिकृत

(ख) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमशः छैटौं, आठौं र दशौं तहमा एक तह बृद्धि गरिनेछ ।

(ग) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(घ) संघीय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिनेछ । यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नुपर्नेछ ।

(ङ) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तह बृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(च) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः- कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह बृद्धि हुनेछ । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी रहेको कार्यालयमा तह बृद्धि गरिनेछ ।

**९. जेष्ठता कायमः-** (१)तह बृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

(२) संघीय लोक सेवा आयोगबाट स्थानीय तहमा सिफारिस भई स्थायी रुपमा नियुक्ति भई पदस्थापन भएको छैटौं तहका कर्मचारीहरुको हकमा सुरु नियुक्तिबाट नै जेष्ठता कायम हुने गरी सातौं तह कायम गरिनेछ ।

**१०. बाधा अडकाउ फुकाउनेः-** मापदण्डको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँकार्यपालिकामा रहनेछ ।

**११. तह बृद्धि हुन नसक्ने अवस्थाः-** (१) अध्यादेशको दफा ३१ बमोजिम देहायको अवस्थाका कर्मचारीहरुको तह वृद्धि हुन सक्ने छैन ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह बृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का भएको अवधिभर,

(घ) असाधारण विदा वा अध्ययनमा बसेकोमा सो विदाको अवधिभर,

(ङ) स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

(च) दफा ४२ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**१२. तह बृद्धि सम्बन्धी प्रक्रियाः-** (क)तहबृद्धि हुन चाहने कर्मचारीहरुले देहाय बमोजिमको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(ख) तह बृद्धि हुन इच्छुक कर्मचारीले अनुसूची-१ बमोजिम निवेदन दिनु पर्नेछ । साथै कर्मचारीले निवेदन साथ लोकसेवा आयोगको सिफारिस पत्र, स्थायी नियुक्ति पत्र, न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी र समायोजन पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

(ग) तहबृद्धि सम्बन्धी एकिन गर्नेः तह बृद्धिका लागि यो मापदण्ड स्वीकृत भए पश्चात प्राप्त हुने निवेदनका सम्बन्धमा यस मापदण्डमा उल्लेखित आधार पुरा भए नभएको एकिन समितिले गर्नुपर्नेछ ।

(घ) विवरण संलग्न हुनुपर्नेः तहबृद्धिको प्रकिया रुजु गर्दा कर्मचारी व्यवस्थापन प्रणाली, समायोजन प्रणाली तथा वैयक्तिक विवरण प्रणालीलाई आधार मान्नुपर्ने र दुवै प्रणालीको विवरण संलग्न हुनु पर्नेछ ।

**१३. तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधाः-** यस मापदण्ड बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

**१४. जानकारी दिनु पर्नेः-** यस मापदण्ड बमोजिम कार्यालयले गरेको तह बृद्धिको जानकारी निर्णय भएको मितिले अध्यादेशको दफा २८ को उपदफा ६ बमोजिम पन्ध्र दिन भित्रमा प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

**१५.उजुरी/गुनासोः-** तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१६. प्रचलित कानून बमोजिम हुनेः-** यस मापदण्डमा उल्लेख भएको बिषयमा मापदण्ड बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्याडग्रे, भोजपुर कोशी प्रदेश, नेपाल

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

**स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धि सम्बन्धी मापदण्ड-२०८० को**

**दफा ३(२) बमोजिमको निवेदन ढाँचा**

मितिः....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

पौवादुङमा गाउँपालिका, च्याङ्ग्रे, भोजपुर ।

विषयः तह बृद्धि/तह कायम सम्बन्धमा ।

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारद्धारा मिति २०८०।०१।१४ गते जारी गरिएको **"स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" को परिच्छेद-**.................................. बमोजिम "निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा समायोजन भई आएका नवौं तहसम्मका स्थायी कर्मचारी तथा संघीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई आएका र यो अध्यादेश जारी हुदाँका बखतसम्म तह बृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि एक तह बृद्धि गरिनेछ" भनि अध्यादेश जारी भएको हुदाँ **कर्मचारी समायोजन ऐन, २०७५** जारी हुदाँका बखत एक तह बृद्धि नभई समायोजन भएको म..................................................यो अध्यादेश बमोजिम एक तह बृद्धि गरिदिन हुन साथै तह वृद्धिका लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदक

निवेदनका साथ पेश गरिएको कागजातहरुः

१ लोकसेवा आयोगको सिफारिस पत्र

२ नियुक्ति पत्र

३ समायोजन पत्र

४ न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि

समुह/उपसमुहः .......................

कर्मचारीको नाम, थरः .......................

क.स.नं. ..........................

समायोजन मितिः......................

हालको पदः ..................................

सेवाः ..............................

पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची-२

### स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धि सम्बन्धी मापदण्ड-२०८० का दफा ५ सँग सम्बन्धित

**विषयः <u>तह बृद्धि/तह कायम गरिएको सम्बन्धमा ।</u>**

तपाईलाई कोशी प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८०.................तथा पौवादुङमा गाउँपालिकाबाट कर्मचारीहरुको तह बृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको मापदण्ड-२०८० को दफा ९ एवं पौवादुङमा गाउँकार्यपालिकाको कार्यालयको मिति............................................... निर्णयानुसार मिति................... गते देखि जेष्ठता कायम/सुरु नियुक्ति मितिबाट लागु हने गरी एक तह बृद्धि /कायम तह कायम गरिएको छ ।

..................तह कायम हुनभएकोमा हार्दिक बधाई तथा शुभकामना छ ।

**तपसिलः**

| साविकको: | हाल कायम गरिएको: |
|---|---|
| सेवा: | सेवा: |
| समूह: | समूह: |
| पद: | पद: |
| तह: | तह: |
| कार्यालय: | कार्यालय: |

श्री.......................................

कर्मचारी संकेत नं.........................

............................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(स्थानीय तह कर्मचारी प्रशासन शाखा) सिंहदरबार, काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री राष्ट्रिय किताबखाना(निजामती) पुल्चोक,ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर, मोरङ ।

श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, भोजपुर ।

श्री कर्मचारी संचयकोष, धनकुटा ।

श्री आर्थिक प्रशासन शाखा, पौवादुङमा गाउँकार्यपालिकाको कार्यालय, च्याङ्ग्रे, भोजपुर ।

पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय च्याङ्ग्रे, भोजपुर कोशी प्रदेश नेपाल

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत